
# CRITERIA FOR ATTENDANCE FOR BRITISH GURKHAS AND GURKHA CONTINGENT SINGAPORE POLICE FORCE RECRUIT INTAKE 2025

## ब्रिटिश गोर्खा र सिंगापुर पुलिस भर्ती बारे जानकारी

### रेक्रुट इन्टेक २०२५ मा सहभागिताको मापदण्ड







# Information Leaflet

## सूचना पत्र

# ब्रिटिश गोर्खा र सिंगापुर पुलिस भर्ती बारे जानकारी
## रेक्रुट इन्टेक २०२५ मा सहभागिताको मापदण्ड

ब्रिटिश गोर्खा र सिंगापुर पुलिसको छनौट प्रक्रिया “निःशुल्क,निस्पक्ष र पारदर्शी हुनेछ”

**उमेरको हक**

- उमेरः १ डिसेम्बर २०२४ साल सम्ममा कम्तीमा १८ वर्ष पुगेको र बढीमा २१ वर्ष ननाघेको हुनुपर्ने ।
- ई.सं. 01/12/2003 र 01/12/2006 (वि.सं. १५/०८/२०६०-१५/०८/२०६३) बिचमा जन्मेको

**शैक्षिक योग्यता**

- न्युनतम एस.इ.इ. उत्तीर्ण हुनु पर्ने वा सो सरह (कम्पार्ट पास भए पनि हुने)। नयाँ एस.इ.इ. ग्रेडिङ प्रणालीमा न्यूनतम ५ सी ग्रेड हासिल गर्नेलाई मात्र मान्यता दिइनेछ । दुबै ब्रिटिस आर्मी र सिंगापुर पुलिसको लागि अंग्रेजी र गणितमा सी ग्रेड अनिवार्य हुनु पर्नेछ । भोकेसनल सर्टिफिकेटलाई मान्यता दिइनेछैन ।

**शारीरिक आवश्यकता**

- **उचाईः** न्युनतम १५८ से.मी. हुनुर्पेछ ।
- **बि.एम.आई** (BMI): पहिलो चरणको छनौटमा १७-३० र दोस्रो चरणको छनौटमा १८-२८ हुनु पर्नेछ ।
- **आँखाः** चस्मा/लेन्स/लेजर सर्जरी मान्य हुनेछैन।
- **दाँतः** अगाडीको दाँतहरुमा त्रुटि हुनु हुँदैन र पछाडीको दाँतहरुमा दुई भन्दा धेरै त्रुटि (भरेको, खाली वा नक्कली दाँत) भएमा स्वीकार गरिने छैन ।
- **बिरामीः** कुनै पनि रोगहरु जस्तै सिभियर फ्लु र हाइ टेम्परेचर बाट ग्रषित उम्मेद्‌वारहरुलाई स्वीकार गरिने छैन ।

**छनौट प्रकृयाहरुः**

**१. अनलाईन नाम दर्ताः** ब्रिटिश आर्मी र सिंगापुर पुलिसमा भर्ती हुनका लागि इच्छुक आवेदकहरुले नाम, थर, एन.पि.पि. नम्बर र जिल्ला अनलाईनमार्फत दर्ता गराउनु पर्नेछ। अनलाईन दर्ता प्रकृया २०८० फाल्गुणको १८ देखि चैत्रको १६ गतेसम्म (1 - 29 Mar 2024) संचालन गरिनेछ । अनलाईन दर्ता प्रकृयामा सफल भएका आवेदकहरुलाई पहिलो चरण छनौटको लागि हाम्रो वेबसाईटद्वारा सूचित गराइने छ ।

**२. पहिलो चरण छनौट** (Phase 1 Registration): पहिलो चरण छनौट ब्रिटिस गोर्खाज पोखरा र ब्रिटिस गोर्खाज धरानमा २०८१ बैशाखको १० देखि असारको १४ सम्म (22 Apr -28 June 2024) र एरिया वेलफेयर सेन्टर (AWC) भेरी, सुर्खेतमा २०८१ बैशाखको १० देखि जेठको १८ सम्म (22 Apr-31 May 2024) संचालन गरिनेछ ।

उम्मेद्‌वारहरुले BGN वेबसाइटमा राखिएको दर्ता फारम दुबै ब्रिटिश गोर्खाज अनि सिंगापुर

पुलिसको लागि सम्बन्धित फारम (निःशुल्क) भरेर ल्याउनु अनिवार्य छ ।

**पहिलो चरण छनौटको मापदण्ड**:

- **Over Arm Heaves:** पास या फेल, रजिष्टरको लागि कम्तिमा 12 Over Arm Heaves गर्नु पर्नेछ,
- **मेडिकल**: आधारभूत मेडिकल जाँचहरु जस्तै हाइपरएक्सटेन्सन (Hyperextension) दन्त परीक्षण र आधारभुत शारिरीक परीक्षण हुनेछन्,
- **शैक्षिक जाँच**: दुवै व्रिटिस आर्मी (BA) र सिंगापुर पुलिस (GCSPF) का लागि अँग्रेजी र गणितको परीक्षा लिइनेछ ।
- **कागजपत्रहरू/प्रमाणपत्रहरूको जाँच**: सबै सक्कली कागजपत्रहरु साथै सम्पूर्णको A4 साईजको फोटोकपी दर्ताका लागि लिएर आउनु पर्नेछ ।

दोस्रो चरणको लागि प्रारम्भिक छनौटमा सफल भएका उम्मेद्वारहरुको नाम ब्रिटिस गोर्खाज नेपालको वेबसाइटमा निकालिने छ ।

**३. दोस्रो चरण छनोट**: (Phase 2 - Initial Selection): दुवै ब्रिटिस आर्मी र सिंगापुर पुलिसको लागि दोस्रो चरणको छनौट प्रकृया ब्रिटिस गोर्खाज पोखरामा सामुहिक रुपमा २०८१ भाद्र १९ देखि असोज २० सम्म (04 Sep - 06 Oct 2024) हुनेछ

**दोस्रो चरण छनोट-शारीरिक मुल्यांकन**: तपाईहरुले निम्न उल्लेखित सबै शारीरिक मुल्यांकनको तयारी गर्नु पर्नेछ ।

- **८00 मिटर दौड**: २ मिनेट ३० सेकेण्ड भित्र (सक्दो प्रयास)
- **Heaves:** कम्तिमा १२ पटक Over Arm Heaves (सक्दो प्रयास) ।
- **रिपिटेड लिफ्ट एण्ड केरी**: २० के.जी.को बोरा बोकेर ३० मिटरको दुरी बोरासँग ५ पटक र बिना बोरा ४ पटक १ मिनेट ४६ सकेण्ड भित्र पुरा गर्नु पर्नेछ (सक्दो प्रयास)।
- **मेडिकल**: आधारभुत मेडिकल जाँचहरु हुनेछन् ।

**४. अन्तिम चरण छनोट** (Final Selection): दोस्रो चरण छनौटमा सफल आवेदकहरुलाई ब्रिटिश गोर्खाज पोखरामा अन्तिम चरण छनौटका लागि बोलाइने छ । अन्तिम चरणको छनोट सिंगापुर पुलिसका लागि २०८१ मङ्सिर १२-२५ सम्म हुनेछ ( 28 Nov - 11 Dec 2024) । ब्रिटिस आर्मीको लागि २०८१ पौष २२ देखि माघ २० ( 07 Jan - 03 Feb 2025) भित्र हुनेछ ।

यो दौरानमा विभिन्न चरणका शारीरिक, शैक्षिक र मेडिकल जाँचहरु गरिने छ ।

- **मेडिकल**: सम्पूर्ण (Detail) मेडिकल जाँचहरु हुनेछन् ।
- **शैक्षिक जाँच**: ब्रिटिस आर्मिको लागि मात्र अंग्रेजीमा लिखित, मौखिक र श्रवण (Written, Speaking & Listening) द्वारा हुनेछन् ।
- **२ किलोमिटर दौड**: ८ मिनेट १५ सेकेण्ड भित्र पुरा गर्नु पर्नेछ (सक्दो प्रयास) ।
- **डोको दौड**: ५.८ कि.मि उकालो दौड ४६ मिनेट भित्र पुरा गर्नु पर्नेछ (सक्दो प्रयास) ।

- **जेरीक्यान केरी** (Jerrican Carry): २ मिनेट भित्र पुरा गर्नु पर्नेछ (सक्दो प्रयास)।
- **मेड बल थ्रो** (Med-Ball Throw): ब्रिटिस आर्मिका लागि मात्र ।वेबसाईटमा हेर्नुहोला ।
- **मिड थाई पुल** (Mid-Thigh Pull): ब्रिटिस आर्मिका लागि मात्र ।वेबसाईटमा हेर्नुहोला ।
- **कग्निटिभ एसेसमेन्ट**: सिंगापुर पुलिसका लागि मात्र ।
- **टिम टास्क** (Team Task): सिंगापुर पुलिसका लागि मात्र ।
- **अन्तर्वार्ता**: अन्त्यमा ब्रिटिश गोर्खा र सिंगापुरका अधिकारीहरुले अंग्रेजी र नेपाली दुबै भाषामा परीक्षार्थीहरुलाई अन्तर्वार्ता लिनेछन् ।

**कागजपत्रहरू/प्रमाणपत्रहरू:** सबै आवेदकहरुले सबै सक्कली कागजपत्रहरु साथै सम्पूर्णको A4 साईजको फोटोकपी दर्ताका लागि लिएर आउनु पर्नेछ । PR हरुले सक्कली कागजपत्रहरु दोस्रो र अन्तिम चरणको छनोटमा पनि लिएर आउनु पर्नेछ ।

क. नागरिकताको प्रमाणपत्र (NPP)
ख. मेसिन रिडेबल पासपोर्ट (MRP) वा इलेक्ट्रोनिक पासपोर्ट
ग. विवाह दर्ता तथा श्रीमतिको एन.पि.पि (यदि विवाह भएमा)
घ. बच्चाको जन्मदर्ता (बच्चा भएमा)
ङ. आमाबुबाको नागरिताको सक्कल प्रमाणपत्र
च. आमाबुबाको विवाहदर्ता (लागु भएमा)
छ. आमाबुबाको मृत्युदर्ता (लागु भएमा)
ज. बसाईसराइको प्रमाणपत्र (लागु भएमा) -नगरपालिका/गाउँपालिका/वडाबाट
झ. जात प्रमाणिकरण (लागु भएमा)- जिल्ला प्रशासन तथा इलाका प्रशासनबाट
ञ. शैक्षिक योग्यताः एस.इ.इ. को प्रमाणपत्र (प्रवेशिका परीक्षा प्रमाणपत्र), एस.इ.इ. जांच मार्कसिट, चारित्रिक प्रमाणपत्रहरु पनि लिएर आउनु पर्नेछ ।
ट. दर्ताको लागि हालसालै खिचेको २ प्रति रंगिन पासपोर्ट साईजको फोटो (साईज ३५ mm X ४५ mm) बिना टोपी र कपाल काटेको हुनुपर्ने अन्य फोटो वा कुनैपनि कपाल नकाटेको या अप्राकृतिक कपाल भएकोलाई मान्यता दिईने छैन ।

**गर्न नहुने कुराहरू**

क. भर्ति कर्मचारीलाई घुस, प्रभाव वा दवाब दिने कोसिस
ख. झुटो कागजपत्र पेस
ग. दलालहरु र मध्यस्तकर्ताहरुलाई घुस दिएमा (किनकि छनोट प्रकृयामा दलालको कुनै प्रभाव हुदैन)
घ. माथि उल्लेखित कुनै पनि को उल्लंघन गरेमा तुरुन्त अयोग्य ठहरिने छ र उक्त आवेदकलाई फेरी आवेदन दिन दिइने छैन ।

**गर्न पर्ने कुराहरू**

क. रेत्रुट छनोट भन्दा पहिला आफुलाई शारीरिक र मानसिक रुपमा सक्दो तयार गर्ने
ख. यदि कसैले पैसा माग्छ भने तुरुन्त खबर गर्ने
ग. ब्रिटिश गोर्खाज नेपालको वेबसाईट **http://www.army.mod.uk/bgn** मा राखिएको सुझावहरुलाई अवलम्बन गर्ने

ब्रिटिश गोर्खाज र सिंगापुर पुलिसमा भर्तिको लागि निवेदन सँधै निःशुल्क छ र रहेको छ । भर्ति हुनका लागि कुनै पैसा लाग्ने छैन र तपाईंले भ्रष्टाचारको कुनै पनि आरोपहरुको बारेमा सुन्नु भएको वा कसैले भर्ति लगाइदिन्छु भनि पैसा मागेमा पैसा नदिनुहोस् र स्थानीय प्रहरी कार्यालयमा खबर गर्नुका साथै तल दिएको इमेलको माध्यमबाट हामीलाई जानकारी दिनुहोस् ।

ईमेल : gurkharecruitment@bgp.com.np

**प्रतिदाबी**: भर्ति छनोट प्रकृयामा सहभागि हुँदा व्यक्तिको पढाईमा बाधा, चोटपटक या बिरामी भएमा ब्रिटिश गोर्खाज नेपाल जिम्मेवार हुने छैन ।

## CRITERIA FOR ATTENDANCE FOR BRITISH GURKHAS AND GURKHA CONTINGENT SINGAPORE POLICE FORCE, RECRUIT INTAKE 2025

### BRITISH GURKHA & GCSPF SELECTION IS 'FREE, FAIR & TRANSPARENT'

**Age Eligibility**

**Age:** Minimum 18 and maximum 21 years of age as at 01 Dec 2024.

**Born between:** AD 01/12/2003 - 01/12/2006 (BS 15/08/2060 – 15/08/2063)

**EDUCATION QUALIFICATIONS**

For those sitting Nepal SEE from 2016 onwards, minimum of 5xC grades are compulsory. Applying for both British Army and Singapore Police, must have a C grade in English and Mathematics.

SEE compartmental pass, private SEE, open learning are accepted but vocational qualification (CTEVT) certificates will not be accepted.

**PHYSICAL REQUIREMENTS**

**Height:** Minimum 158cm.

**BMI:** Between 17 – 30 on Phase 1 Selection and 18 –28 on Phase 2 Selection.

**Eyes:** Glasses/Contact Lenses/Laser Surgery will not be accepted.

**Teeth:** Not more than 2 faults (Fillings, gaps or false teeth). Front 8 teeth must be without fault.

**Sick:** Candidates who is suffering from any sickness such as severe flu, high temperature will not be accepted.

**SELECTION PROCEDURES**

**1. Online Registration:** Interested PRs joining the British Army or Singapore Police, will have to register their Name, Cast, NPP Number and District Online. The link will be provided on our website. Online Registration period will be between 01 Mar – 29 Mar 2024. Those Candidates who have provided all required information will be called forward for the Phase 1 Selection (Registration). Phase 1 Selection call forward Instruction will be published at BGN's website http://www.army.mod.uk/bgn on 1st week of April 2024.

**2. Phase 1 (Registration)**: Phase 1 Selection will be held in British Gurkhas Pokhara and British Gurkhas Dharan between 22 Apr - 28 Jun 2024 and at Area Welfare Centre (AWC) Bheri in Surkhet from 22 Apr – 31 May 2024. The application form for Phase1(Registration) will be available at no cost at BGN's website http://www.army.mod.uk/bgn. The applicants must complete the preferred British Army or Singapore Police application form and submit during in person Registration.

**Criteria for Phase 1 Selection (Registration):** Both BA & GCSPF applicants must go through the following Assessments.

- **Over Arm Heaves:** Pass or Fail, must do 12 over arm heaves to register.
- **Basic Medical:** There will be some basic medical check conducted such as, hyperextension, teeth and basic physical examination.
- **Education:** English and Mathematics assessment for both BA and GCSPF.
- **Document check:** There will be 100% document check carried out. The PRs must bring all required documents based on their individual circumstances . You can find the detail information about documents in download section at BGN's website http://www.army.mod.uk/bgn. If the PRs failed to produce required documents, he will not be allowed for further Recruiting process.

The instructions for Phase 2 (Initial Selection) will be published on the British Gurkhas Nepal website http://www.army.mod.uk/bgn, on 31 Jul 2024.

**3. Phase 2 (Initial Selection)**: The combined BA & GCSPF Phase 2 Selection will be held in British Gurkhas Pokhara. The dates for the combined selection will be between 04 Sep. – 06 Oct 2024. Only successful Candidates will be called forward for the Final Selection. The call forward list for the Final Selection will be published on 11 Oct 2024 for both BA & GCSPF candidates.

**The Assessments:** We strongly encourage the candidates to train for all the physical assessments stated below:

- **800m run:** Under 2 minutes and 30 seconds, best effort.
- **Heaves:** Minimum of 12 upper arm heaves, best effort.
- **Repeated Lift & Carry Short:** 20 kg burden carry over 30 meters. 5 laps with & 4 laps without burden in under 1 minute 46 Seconds, best effort.
- **Medical**: The various medical checks will be carried out.

- **4. Phase 3 (Final Selection):** Successful candidates at Phase 2 Selection will be called forward to Final Selection at British Gurkhas Pokhara . The dates for the Final Selection will be: GCSPF 28 Nov - 11 Dec 2024 and for BA, 07Jan - 03 Feb 2025.

For further details, please keep visiting our webisite http://www.army.mod.uk/bgn.

During this period a series of physical, educational and medical assessments will be conducted.

**The Assessments:** We strongly encourage the candidates to train for all the physical assessments stated below:

- **Medical:** The detail medical checks will be carried out.
- **Education:** For BA only, there will be English written, Speaking and Listening assessments.
- **2KM run:** Under 8 minutes and 15 seconds, best effort.
- **Doko Run:** 5.8 Km moderate uphill, Under 46 Minutes, best effort.
- **Jerrican Carry:** Under 2 Minutes, best effort
- **Med-Ball throw:** Only for BA. Please refer to demonstration video on our website.
- **Mid-Thigh Pull:** Only for BA. Please refer to demonstration video on our website.
- **Cognitive Assessment:** Only for GCSPF.
- **Team Task:** Only for GCSPF.
- **Interview:** At the end, the interview will be carried out for both BA & GCSPF candidates.

**DOCUMENTS:** The candidates must bring the following ORIGINAL documents as well as an A4 size photocopies of all documents stated bellow to Register.

- Nagariktako Praman Patra (NPP).
- Machine Readable Passport (MRP) or Electronic Passport.
- PR's Marriage Certificate & Wife's NPP (if married).
- Birth Certificates of PR's children (where applicable).
- Parents' original NPP.
- Parent's Marriage Certificate if father's name is not mentioned on mother's or son's NPP.
- Parent's Death Certificate (where applicable).
- Migration Certificate NP/GP/Wada office (where applicable).
- Caste Verification from CDOs office or authorised local government Offices (where applicable).

**Academic Certificates:** SEE or equivalent Certificates, Mark Sheet, Character Certificates are also to be brought. 2 x recently taken Passport size photographs (Size 35mm x 45mm) with their hair cut and without topi.

## DON'T

- Attempt to bribe, influence or pressurize recruiting staff.
- Submit false documents.
- Pay bribes to DALALs or intermediaries because DALALs have no influence in the selection process.
- Attend recruit selection if you are not fully prepared.
- Attempt for recruit selection if you do not have a reasonable chance of passing selection.

BREACH OF ANY OF THE ABOVE WILL RESULT IN IMMEDIATE DISQUALIFICATION AND THE PR WILL NOT BE ALLOWED TO REAPPLY.

## DO

- Prepare yourself as much as possible-both physically and mentally before the selection process.
- Report incidents of corruption.
- Follow the advice given on the BGN website http://www.army.mod.uk/bgn and BGN Facebook page.

Application to join the British Gurkhas and Gurkha Contingent Singapore Police Force has always been FREE OF CHARGE. Do not believe anyone who tells you that there is an application charge or that they can help an applicant if paid.

## DISCLAIMER

British Gurkhas Nepal is not liable and cannot be held responsible for the disturbance to an individual's studies and any injury or illness which may occur as a result of participation in Gurkha selection process.